# कालिका नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
रेडक्रसग्राम, चितवन
बागमती प्रदेश, नेपाल


प.सं: ०७८/७९
च.नं: ५४०४

मिति: २०७९/०३/३१

सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गर्ने सम्वन्धी अत्यन्त जरुरी सुचना ।

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को दफा ४ बमोजिम सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण २०७९ श्रावण महिना देखि कार्तिक मसान्त भित्र सम्बन्धित वडा कार्यालयमा नवीकरणको लागी निवेदन दिनुपर्ने व्यहोरा उल्लेख भएता पनि सामाजिक सुरक्षा भत्ता त्रैमासिक रुपमा निकासा हुने भएकाले असोज मसान्त भित्र देहाएका कागजातहरु संलग्न राखी सम्बन्धित लाभग्राहीहरुले आ-आफ्नो वडा कार्यालयमा गई परिचयपत्र नवीकरण गराउनहुनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

बालबालिका वा आफै उपस्थित हुन नसक्ने व्यक्तिको हकमा निजको आमा,बाबु,संरक्षक,माथवर वा स्याहार सुसार गर्ने व्यक्तिले निवेदन दिन सक्नेछन् ।

आवश्यक कागजातहरु :

- सामाजिक सुरक्षा परिचयपत्र सक्कलै,
- नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- बालबालिकाको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि र संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- विधवा महिलाको हकमा पतिको मृत्युदर्ताको प्रमाणपत्रको प्रतिलिपि र अर्को बिवाह नगरेको प्रमाणित पत्र
- अपाङ्गताको हकमा अपाङ्गताको परिचयपत्रको प्रतिलिपि,
- ६० वर्षभन्दा माथि एकल महिलाको हकमा पतिको मृत्यु दर्ताको प्रमाणपत्र,बिवाह नगरेको प्रमाणित पत्र, सम्बन्ध विच्छेद दर्ताको प्रमाणपत्रको प्रतिलिपि, अर्को बिवाह नगरेको प्रमाणित पत्र,
- सम्पर्क मोबाइल नं. र तिन पुस्ते विवरण (बावु,आमा,बाजे)

**नोट : तोकिएको समयमा परिचयपत्र नवीकरण नगराएमा सामाजिक सुरक्षा भत्ता प्रदान गरिने छैन ।**

निशान राज गौतम
प्रमुख प्रशासकीय अधिकृत


फोन नं.: ०५६-४१३१३६, ४१३१३७
E-mail: kalikanagarpalika@gmail.com
Website: www.kalikamunchitwan.gov.np
www.kalikamun.gov.np